**बैठक नं.१४**

आज मिति २०७९/१२/१३ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : विहान ७:३० बजे ।
स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिका हल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन मगर | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | [signature] |
| १५ | नारायण प्रसाद पुन | सदस्य | [signature] |
| १६ | दधिराम न्यौपाने | सदस्य | [signature] |
| १७ | शिव राना | सदस्य | [signature] |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | [signature] |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | [signature] |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | [signature] |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | [signature] |
| २२ | निलम गौतम | सदस्य | [signature] |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | [signature] |
| २५ | रिना भुसाल | सदस्य | [signature] |
| २६ | सुनिता खड्लुक | सदस्य | [signature] |
| २७ | राधादेवी पौडेल | सदस्य | [signature] |
| २८ | यम बहादुर सुनार | सदस्य | [signature] |
| २९ | हेमां थामी | सदस्य | [signature] |
| ३० | टेकराज पन्थी | प्रमुख प्रशासकीय अधिकृत | [signature] |

हरि नारायण मिश्र - का वा वडाध्यक्ष - ३ [signature]
तारा गहराज - का वा वडाध्यक्ष - ६
सूर्यबहादुर कार्की - का वा वडाध्यक्ष - ९ [signature]

**मिति २०७९।११।२ मा बसेको अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।**

- बुटवल उपमहानगरपालिकाको ६४ औं स्थापना दिवसका अवसरमा विभिन्न विधा र क्षेत्रहरुमा क्रियाशिल संघसंस्था एवं व्यक्तित्वहरुलाई सम्मान गर्ने निर्णय गरिएको ।
- २५ बर्षे सम्झौता गरी आधुनिक पशुवधशाला संचालन गर्ने गरी भएको सहमति अनुमोदन गरिएको ।
- प्रमुख/उपप्रमुख/प्रमुख प्रशासकीय अधिकृत समेतको सहभागितामा बुटवल उपमहानगरपालिकाले आयोजना गरेको उपमहानगरपालिकास्तरीय सम्मेलनमा भएको खर्च अनुमोदन गरिएको ।
- विभिन्न संघसंस्था एवं व्यक्तिहरुलाई सहयोग उपलब्ध गराउने गरी निर्णय लिइएको ।
- बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा कार्यरत उत्कृष्ट कर्मचारी ३० जनालाई पुरस्कृत गरिएको ।

**प्रस्ताव नं.१४.१**
**गौशाला व्यवस्थापन तथा संचालन कार्यविधि, २०७९ टेवुल सम्बन्धमा ।**
**निर्णय नं.१४.१**
बुटवल उपमहानगरपालिका क्षेत्रभित्रका सडकमा आश्रित छाडा पशुचौपायाहरुको (गाई, गोरु, वाच्छा, वाच्छी) व्यवस्थापनको लागि बुटवल उपमहानगरपालिकाले तोकेको स्थानमा गौशालाको स्थापना एवं दीगो व्यवस्थापन तथा संचालन गर्न नितान्त आवश्यक एवं जरुरी समेत भएकोले कार्यालयबाट तयार भई आजको बैठकमा पेश हुन आएको गौशाला व्यवस्थापन संचालन कार्यविधि, २०७९ टेवुल भयो ।

**प्रस्ताव नं.१४.२**
**नगर प्रमुख स्वास्थ्य शिशु कार्यक्रम संचालन निर्देशिका, २०७९ टेवुल गर्ने सम्बन्धमा ।**
**निर्णय नं.१४.२**
बुटवल उपमहानगरपालिका क्षेत्रभित्र संचालित विभिन्न कार्यक्रमहरुले पनि आशा गरे मुताविक प्रतिफल दिन नसक्दा सुत्केरी आमाहरु र नवजात शिशुहरुको रेखदेख, सुत्केरी स्याहार र बच्चाको तौल सम्बन्धी जनचेतनाको अभाव रहेको पाइएको छ । तसर्थ सुत्केरी पश्चात आमा तथा शिशु मृत्युदर घटाउन र स्वस्थ्य रहनका लागि पोषणयुक्त खानाको व्यवस्था गर्न नगरप्रमुख शिशु स्वस्थ्य कार्यक्रमले सुत्केरी आमा तथा शिशुहरुको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार भई सबैखालका पोषणयुक्त जोखिमबाट मुक्त हुने तथा स्वस्थ्य एवं सुखी तवरले जीवन यापन गर्ने अपेक्षाका साथ बुटवल उपमहानगरपालिका भित्रका स्थायी वासिन्दाहरुलाई नगरप्रमुख शिशु स्वास्थ्य कार्यक्रम लुम्बिनी प्रादेशिक अस्पताल, आम्दा अस्पताल तथा सेमलार स्वास्थ्य चौकीमा प्रसुती भई जन्मने नवजात शिशुलाई पोषण खर्चको व्यवस्था गर्ने उद्देश्यले कार्यालयबाट तयार भई प्रस्तुत हुन आएको नगर प्रमुख स्वास्थ्य शिशु कार्यक्रम संचालन निर्देशिका, २०७९ आजको वैठकमा टेवुल भयो ।

प्रस्ताव नं.१४.३

**टोल विकास संस्था गठन तथा परिचालन निर्देशिका, २०७६ माथि संशोधन सम्बन्धमा ।**

निर्णय नं.१४.३

टोल विकास संस्था गठन तथा परिचालन निर्देशिका, २०७६ कार्यान्वयनको सन्दर्भमा केही संशोधन गर्न आवश्यक देखिएको हुँदा उक्त निर्देशिकामा देहाय बमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

| परिच्छेद,दफा, उपदफा,अनुसुची | साविकको भएको व्यवस्था | हुनु पर्ने व्यवस्था | कारण |
|---|---|---|---|
| दफा ३ (२क) | टोलविकास संस्थाको कार्यकाल ३ बर्षको हुनेछ । | टोलविकास संस्थाको कार्यकाल २ बर्षको हुनेछ । साथै संस्थाका पदाधिकारीहरु २ पटक सम्म कार्यसमितिमा रहन सक्नेछन् । | नगरसभाको नीतिमा समावेश भएको र टोल विकास संस्थालाई नियमितगर्न आवश्यकदेखिए कोले । |
| दफा ३ माउपदफा (च) थप | | टोलविकास संस्थाहरु वडा/ नगरपालिका प्रति जिम्मेवार हुनुपर्नेछ । विधान विपरीत रहेर कुनै पनि कार्य गर्न पाईने छैन । टोल विकास संस्थाहरु आर्थिक पारदर्शिता, नियमितता र जवाफदेहिताको सवालमा पैरवी तथा टोल संस्थाको सिमाना निर्धारण पहिचानमा सहजिकरण गर्ने । | |
| दफा ५ मा उपदफा (ठ) थप | | टोल विकास संस्थाको साधारण सभा / अधिवेशन, लेखापरीक्षण तथा नवीकरण, बार्षिक प्रतिवेदन लगायतका विषयमा सहजिकरण गर्ने । | |
| दफा ६ (क)१ विविध थप गर्ने | | कुनै पनि टोल विकास संस्थाले समय समाप्तभएको २ बर्ष सम्म बार्षिक साधारण सभा/अधिवेशन र अडिट नगरेमा, बचत कोष लगायत अन्य आर्थिक अनियमितता, नियम संगत नचल्ने, कानून विपरीतका कार्यहरु गर्ने संस्थालाई तोकिए बमोजिमको छानविन समिति तथा अनुगमन समितिले कारवाहीको लागि बुटवल उपमहानगरपालिका नगर कार्यपालिकामा सिफारिस गर्ने र यसको अन्तिम टुङ्गो कार्यपालिकाको बैठकले गर्नेछ । | |
| दफा६क२ विविध थप गर्ने | | नगरस्तरवाट टोलविकास संस्थालाई नियमित अनुगमन गर्ने । | |
| अनुसुची १ को | | सुशासन प्रर्वद्धन, स्थानीय टोलस्तरका | |

| | | | |
|---|---|---|---|
| परिच्छेद १ अन्तर्गत बुदाँ नं ५(१२) थप | | नागरिकहरुको राय सुझाव र समस्याहरुको लिपिवद्ध गरी वडा कार्यालय नगरपालिकामा पेश गर्ने तथा नगरपालिकाको नीति तथा कार्यक्रमहरु जनताको वीचमा लैजाने दोहोरो समन्वयकारी भुमिका निर्वाह गर्ने । | |
| अनुसुची १ परिच्छेद ३ को बुदाँ नं ७को उपबुदाँ ५ | टोल समितिको कार्यकाल ३ बर्षको हुनेछ । | टोल समितिको कार्यकाल २ बर्षको हुनेछ । | नगरसभाको नीतिमा समावेश भएको |
| अनुसुची १ परिच्छेद ३ को बुदाँ नं ७(६) | समितिको वार्षिक रुपमा साधारणसभा र लेखापरीक्षण हरेक ३/३ वर्षमा अधिवेशन गर्नु पर्नेछ । | समितिको वार्षिक रुपमा साधारणसभा २/२ बर्षमा र लेखापरीक्षण हरेक वर्षमागर्नु पर्नेछ ।आर्थिक कारोवार जतिसुकै भए तापनि संस्थाले दर्तावाल लेखापरीक्षकवाट लेखापरीक्षण गराउनु पर्नेछ । | नगरसभाको नितिमा समावेश भएको |
| अनुसुची १ परिच्छेद ५ को बुदाँ नं ११ को (ग ४) | संस्थाको पदाधिकारीहरुको पदावधि ३ कार्यकालभन्दा बढी हुने छैन । | संस्थाको पदाधिकारीहरुको पदावधि २ कार्यकालभन्दा बढी हुने छैन । पदाधिकारीमा रहने व्यक्ति सम्बन्धित टोलको स्थायी बासिन्दा हुनुपर्नेछ । | नगरसभाको नीतिमा समावेश भएको |
| अनुसुची १ परिच्छेद ३ को बुदाँ नं.७(१) | निश्चित भौगोलिक क्षेत्रको सिमानाभित्र वसोवास गर्ने वुटवल उपमहानगरपालिका वडा नं १ देखि १३ सम्ममाकम्तीमा १०० देखि बढीमा ३०० घरधुरी सम्मभनिएकोमा | निश्चित भौगोलिक क्षेत्रको सिमाना भित्र वसोवास गर्ने वुटवल उपमहानगरपालिका वडा नं १ देखि १३ सम्म कम्तीमा १०० देखि बढीमा ३०० घरधुरी सम्म भनेकोमा कुनै पनि वडामा विशेष भौगोलिक अवस्था र घरधुरी समेटिन नसकिने कारण भएमा मापदण्डको संख्याबाहेक पनि कार्यपालिकाको निर्णय अनुसार टोल विकास संस्थाहरु गठन तथा दर्ता हुन सक्ने । | |
| अनुसुची १ परिच्छेद ३ को बुदाँ नं ७(१३) | संस्थाको पदाधिकारीमा बुटवल उपमहानगरपालिकामा कार्यरत कर्मचारीहरु रहन सक्ने छैन तर कर्मचारीको परिवारलाई भने पदमा रहनवाधा पू-याएको मानिने छैन । | संस्थाको पदाधिकारीमा सरकारी सेवामा आवद्ध भई सेवा सुविधालिने व्यक्ति संस्थाको कार्यसमिति पदाधिकारीमा रहन सक्ने छैन तर कर्मचारीको परिवारलाई भने पदमा रहन वाधा पू-याएको मानिने छैन । | |

**प्रस्ताव नं.१४.४**

**एच.आई.भी./एड्स कार्यक्रम सम्बन्धी कार्यविधि, २०७९ टेवुल गर्ने सम्बन्धमा।**

**निर्णय नं.१४.४**

बुटवल उपमहानगरपालिका क्षेत्र भित्र रहेका एच.आई.भी. संकमितहरुको सहयोग, हेरचाह, पोषण, शैक्षिक सहयोग एवं उपचारमा टेवा पुऱ्याउन, एच.आइ.भी.संकमितहरुको मानव अधिकार र स्वास्थ्य अधिकारको सुनिश्चितता गर्न, शैक्षिक निरन्तरताका लागि अभिभावकत्व प्रदान गर्न र संकमित व्यक्तिको आत्मसम्मान तथा आत्मवल उच्च राख्दै जिम्मेवार नागरिकको अनुभुति गराउने प्रतिवद्धताका साथ एच.आई.भी. कार्यक्रम सम्बन्धी कृयाकलापहरु संचालन गर्ने गरी कार्यालयबाट तयार भई पेश हुन आएको एच.आई.भी./एड्स कार्यक्रम व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ आजको बैठकमा टेवुल भयो।

**प्रस्ताव नं.१४.५**

**ठेला व्यवसायलाई व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०७९ टेवुल गर्ने सम्बन्धमा।**

**निर्णय नं.१४.५**

बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका मुख्य राजमार्ग तथा भित्री सडकहरुको क्षेत्राधिकार, सडक पेटी, चोक चौराहमा अव्यवस्थित रुपमा रहेका ठेला, टंकी लगायतका साना तथा खुद्रा व्यवसायहरुबाट आवागमनमा वाधा अवरोध र शहरी सौन्दर्यकरणमा ह्रास पुऱ्याएकोले उक्त ठेलाजन्य व्यवसायको उचित सम्वोधन गर्दै बैकल्पिक व्यवस्थापन सँगै नगरलाई सफा, सुन्दर बनाउने प्रयोजनका लागि कार्यालयबाट तयार भई पेश हुन आएको ठेला व्यवसायलाई व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०७९ आजको बैठकमा टेवुल भयो।

**प्रस्ताव नं.१४.६**

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७९ टेवुल गर्ने सम्बन्धमा।**

**निर्णय नं.१४.६**

बुटवल उपमहानगरपालिकाद्धारा योजना निर्माण, विभिन्न कृयाकलाप संचालन गर्दा महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरु वीचको असमान शक्ति सम्बन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार अवसर एवं सम्मानजनक वातावरण सुनिश्चित गर्नका लागि "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण" (लैससास) नीति आवश्यक भई कार्यालयबाट पेश हुन आएको हुँदा उक्त नीति आजको बैठकमा टेवुल भयो।

**प्रस्ताव नं.१४.७**

**जलस्रोत कार्यविधि तयारीका लागि कार्यदल गठन गर्ने सम्बन्धमा।**

**निर्णय नं.१४.७**

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम स्थानीय तहलाई जलस्रोत तथा जलाधर, भुसंरक्षण, मुहान संरक्षण, खानेपानी, सिचाइ, साना जलविद्युत, जलउपयोग एवं व्यवस्थापन सम्बन्धमा कार्यविधि बनाई भुमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलस्रोतको लाभदायक उपयोगहरुको निर्धारण गर्न त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानिकारक

रोकथाम गर्न एवं जलस्रोतलाई प्रदुषणमुक्त राख्न आवश्यक देखिएकोले उल्लेखित विषयहरुलाई मध्यनजर राखी एक कार्यविधिको मस्यौदा तयार गरी ७ सात दिन भित्रमा पेश गर्ने गरी देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| श्री डिल्ली प्रसाद शर्मा उपाध्याय, वडाध्यक्ष वडा नं.१२ | -संयोजक |
| श्री घनश्याम पन्त, अधिवक्ता | -सदस्य |
| श्री युवराज भट्टराई, ई.अधिकृतस्तर सातौ (प्रा.) | -सदस्य |
| श्री ध्रुव भट्टराई, कानून अधिकृत, अधिकृतस्तर छैटौ | -सदस्य |
| श्री दामोदर ज्ञवाली, अधिकृतस्तर आठौ | -सदस्य सचिव |

**प्रस्ताव नं.१४.८**
**गृहणी महिला स्वरोजगार कार्यक्रम संचालन कार्यविधि तयारीका लागि कार्यदल गठन गर्ने सम्बन्धमा ।**
**निर्णय नं.१४.८**
बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका गृहणी महिलाहरुका लागि स्वरोजगार गराउने प्रयोजनका लागि कार्यविधिको आवश्यकता भएको हुँदा गृहणी महिला स्वरोजगार कार्यक्रम संचालन कार्यविधि तयार गरी ७ सात दिन भित्रमा मस्यौदा पेश गर्ने गरी देहाय बमोजिमको एक कार्यदल गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| श्री शिव राना, वडाध्यक्ष वडा नं.१५ | -संयोजक |
| श्री तुल्सा अर्याल, अधिकृतस्तर नवौ तह | -सदस्य |
| श्री घनश्याम पन्त, अधिवक्ता | -सदस्य |
| श्री ध्रुव भट्टराई, कानून अधिकृत, अधिकृतस्तर छैटौ | -सदस्य |
| श्री अध्यक्ष तथा प्रतिनिधि, बुटवल उद्योग वाणिज्य संघ | -सदस्य |
| श्री लक्ष्मि ढकाल, अधिकृतस्तर आठौ तह | -सदस्य सचिव |

**प्रस्ताव नं.१४.९**
**अव्यवस्थित बसोवासीहरुलाई लालपुर्जा प्राप्तिका लागि राष्ट्रिय भुमि आयोग जिल्ला समिति रुपन्देहीमा सिफारिस गर्ने सम्बन्धमा ।**
**निर्णय नं.१४.९**
बुटवल उपमहानगरपालिका वडा न. ३, ६, ७, ८ र १२ मा अबस्थित निम्न बमोजिमका अव्यवस्थित बसोवासीहरुको जग्गा साबिकको सुकुम्बासी आयोगबाट नाप नक्शां तयार भैसकेको तर केही जग्गाको मात्र लालपुर्जा लिन बाँकी रहेको तथा राष्ट्रिय भुमि आयोगमा पुर्जा प्राप्तिका लागि वडामा निबेदन पेश गरी वडाबाट समेत सिफारिस भएका उक्त वडाका निम्नानुसारका अव्यवस्थित बसोवासीहरुको लालपुर्जा प्राप्तिको प्रकृया अगाडि बढाउनका लागि राष्ट्रिय भुमि आयोग, जिल्ला समिति रुपन्देहीमा सिफारिस गर्ने निर्णय गरियो ।

वडा नं. ३

| सि.नं. | नाम | वडा नं. | सिट नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बोमा कुमारी थापा | ३ | ०९८-१०७९-११ | ७८ | १२.३९ व.मी. | अव्यवस्थित बसोवासी |
| २ | इन्द्र बहादुर छन्तेल | ३ | ०९८-१०७९-११ | ९१ | | अव्यवस्थित बसोवासी |
| ३ | सुरेश थापा क्षेत्री | ३ | ०९८-१०७९-११ | ९३ | | अव्यवस्थित बसोवासी |
| ४ | टिकादेवी शर्मा | ३ | ०९८-१०७९-११ | ८८ | | अव्यवस्थित बसोवासी |
| ५ | गोमती बिश्वकर्मा | ३ | ०९८-१०७९-११ | ८५ | | अव्यवस्थित बसोवासी |
| ६ | तुल्सादेवी क्षेत्रीनी | ३ | ०९८-१०७९-११ | १०० | | अव्यवस्थित बसोवासी |
| ७ | बिमला कुमारी थापा | ३ | ०९८-१०७९-११ | ७४ | ८६.०० व.मी. | अव्यवस्थित बसोवासी |
| ८ | मनिराम दमाई | ३ | ०९८-१०७९-११ | ९९ | | अव्यवस्थित बसोवासी |
| ९ | राममाया गिरी | ३ | ०९८-१०७९-११ | ९७ | | अव्यवस्थित बसोवासी |
| १० | पुनम लिगल | ३ | ०९८-१०७९-११ | १०२ | ७५.६६ व.मी. | अव्यवस्थित बसोवासी |
| ११ | बसन्ती शाक्य | ३ | ०९८-१०७९-११ | ९८ | ४८.०० (देव कुमार सुब्बाको नाममा फिल्ड बुक कायम) | अव्यवस्थित बसोवासी |
| १२ | दिना देवी पाण्डे | ३ | ०९८-१०७९-११ | ८० | | अव्यवस्थित बसोवासी |
| १३ | रुद्र बहादुर बस्नेत | ३ | ०९८-१०७९-११ | ८३ | २५.०० व.मी. | अव्यवस्थित बसोवासी |
| १४ | साबित्री गुरुङ् | ३ | ०९८-१०७९-११ | ७९ | | अव्यवस्थित बसोवासी |
| १५ | लेक बहादुर घर्ती क्षेत्री | ३ | ०९८-१०७९-११ | ७५, ७६ | | अव्यवस्थित बसोवासी |
| १६ | प्रेम बहादुर कालिराज | ३ | ०९८-१११८-०८ | १८३ | | अव्यवस्थित बसोवासी |
| १७ | सुदिप श्रेष्ठ | ३ | ०९८-१११८-०५ | १४ | १४२.७० ब.मी. | अव्यवस्थित बसोवासी |
| १८ | केशर बहादुर कार्की | ३ | ०९८-१११९-०८ | १६७ | १२३.०५ व.मी. | अव्यवस्थित बसोवासी |
| १९ | मिना घिमिरे | ३ | ०९८-१११९-०२ | २२० | | अव्यवस्थित बसोवासी |
| २० | सम बहादुर काकी | ३ | ०९८-१११९-०८ | १८२ | २४०.३५ ब.मी. | अव्यवस्थित बसोवासी |
| २१ | बिष्णु पाण्डे | ३ | ०९८-१०७८-१५ | २ मध्ये | | अव्यवस्थित बसोवासी |
| २२ | एम कुमारी श्रेष्ठ | ३ | ०९८-१०७९-११ | ९५ | १०४।०० ब.मी. | अव्यवस्थित बसोवासी |
| २३ | बिरु श्रेष्ठ | ३ | ०९८-१०७९-११ | ७२ | | अव्यवस्थित बसोवासी |
| २४ | जनुराम महतो | ३ | ०९८-१०७९-११ | ९६ | | अव्यवस्थित बसोवासी |
| २५ | मिना राजकोटी | ३ | ०९८-१०७९-११ | ८४ | | अव्यवस्थित बसोवासी |
| २६ | रुपकुमारी पौडेल क्षेत्री | ३ | ०९८-१०७८-१५ | २ मध्ये | | अव्यवस्थित बसोवासी |
| २७ | हरीमाया राना | ३ | ०९८-१०७९-११ | ८६,८७ | | अव्यवस्थित बसोवासी |
| २८ | दिपदर्शन अस्लामी | ३ | ०९८-१०७९-११ | १०१ | | अव्यवस्थित बसोवासी |
| २९ | सुमित्रा राना | ३ | ०९८-१०७९-११ | ८९ | सेते रानामगरको नाममा फिल्बुक कायम | अव्यवस्थित बसोवासी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३० | सुकमाया बि.क. | ३ | ०९८-१०७९-११ | ७३ | | अव्यवस्थित बसोवासी |
| ३१ | हरीमाया पुन | ३ | ०९८-१०७९-११ | ८१ | | अव्यवस्थित बसोवासी |
| ३२ | देवकला बि.क. | ३ | ०९८-१०७९-११ | ८२ | | अव्यवस्थित बसोवासी |
| ३३ | गोकर्ण थापा मगर | ३ | ०९८-१०७९-११ | ९० | | अव्यवस्थित बसोवासी |
| ३४ | आरती देवी श्रेष्ठ | ३ | ०९८-१०७९-११ | ९४ | | अव्यवस्थित बसोवासी |
| ३५ | बिरमता बुढा | ३ | ०९८-१०७९-११ | ९२ | | अव्यवस्थित बसोवासी |
| ३६ | हुम बहादुर गुरुङ् | ३ | ०९८-१०७९-११ | ७१ | अम बहादुर गुरुङको नाममा फिल्बुक कायम | अव्यवस्थित बसोवासी |
| ३७ | उमादेवी भुजेल | ३ | ०९८-१०७९-११ | ७७ | | अव्यवस्थित बसोवासी |
| ३८ | छबिलाल क्षेत्री | ३ | ०९८-१०७९-११ | ३५ | दिल बहादुर क्षेत्रीको नाममा फिल्बुक कायम | अव्यवस्थित बसोवासी |
| ३९ | दलसरा थापा | ३ | ०९८-१०७८-१५ | | | अव्यवस्थित बसोवासी |

वडा नं. ६

| क.स | नामथर | वडा नं. | सिटनं | कि.न. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री रेनुका भट्टराई | ६ | ०९८-११५८-१० | १४ | ८८.४० | अब्यबस्थितबसोबासी |
| २ | श्री ठुल्लु मुसलमान | ६ | ०९८-११५८-१० | १३ | ९०.५० | अब्यबस्थितबसोबासी |
| ३ | श्री पुष्पाथापा | ६ | ०९८-११५८-१० | १२ | २१६.३० | अब्यबस्थितबसोबासी |
| ४ | श्री सुलोचना देवीबज्राचार्य | ६ | ०९८-११५८-१० | ४७ | ३.०० | अब्यबस्थितबसोबासी |
| ५ | श्री कमल प्रसाद श्रेष्ठ | ६ | ०९८-११५८-१० | ४८ | १४.८० | अब्यबस्थितबसोबासी |
| ६ | श्री मन्ना क.सी. | ६ | ०९८-११५८-१० | १७ | २७.४० | अब्यबस्थितबसोबासी |
| ७ | श्री रेमकलागौतम | ६ | ०९८-११५८-१० | ३८ | ८३.१० | अब्यबस्थितबसोबासी |
| ८ | श्री देवु मायादर्जि | ६ | ०९८-११५८-१० | २०,२१ | १०५.२०,७४९० | अब्यबस्थितबसोबासी |
| ९ | श्री भरत बहादुर गुरुङ | ६ | ०९८-११५८-१० | २२ | ८३.५० | अब्यबस्थितबसोबासी |
| १० | श्री तालमायागलामी | ६ | ०९८-११५८-१० | २३ | ११८.९३ | अब्यबस्थितबसोबासी |
| ११ | श्री सिरजावती देवीगुप्ता | ६ | ०९८-११५८-१० | १५ | ५०.७० | अब्यबस्थितबसोबासी |
| १२ | श्री सोनमतिकानु | ६ | ०९८-११५८-१० | १२ | २१६.३० | अब्यबस्थितबसोबासी |
| १३ | श्री नुरदिनशाह | ६ | ०९८-११५८-१० | १८,१९ | १२.,३४० | अब्यबस्थितबसोबासी |
| १४ | श्री टंकनाथ पौडेल | ६ | ०९८-११५८-१० | १७ | २७.४० | अब्यबस्थितबसोबासी |
| १५ | श्री दुर्गा सारु | ६ | ०९८-११५८-१० | १६ | ३७.२५ | अब्यबस्थितबसोबासी |
| १६ | श्री हरीवश प्रसादकानु | ६ | ०९८-११५८-०५ | १० | ६२.६० | अब्यबस्थितबसोबासी |
| १७ | श्री कमल राजउदय | ६ | ०९८-११५८-०५ | ११ | ४८.५० | अब्यबस्थितबसोबासी |
| १८ | श्री अग्निकुमार अग्रहरी | ६ | ०९८-११५८-०५ | १२ | ८८. | अब्यबस्थितबसोबासी |
| १९ | श्री केदार शर्मा | ६ | ०९८-११५८-०५ | १३ | १०९.१० | अब्यबस्थितबसोबासी |
| २० | श्री मिन प्रसादखनाल | ६ | ०९८-११५८-०५ | १४ | २९.२० | अब्यबस्थितबसोबासी |
| २१ | श्री रामबहादुर खत्री | ६ | ०९८-११५८-०५ | १५ | ३३.६० | अब्यबस्थितबसोबासी |
| २२ | श्री मुस्तरी खातुनमिया, | ६ | ०९८-११५८-०५ | १६ | २११.२० | अब्यबस्थितबसोबासी |
| २३ | श्री पवनकुमार जयसवाल | ६ | ०९८-११५८-०५ | १६ | २११.२० | अब्यबस्थितबसोबासी |
| २४ | श्री गोपाल प्रसादजयसवाल | ६ | ०९८-११५८-०५ | १७ | १६१.३५ | अब्यबस्थितबसोबासी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५ | श्री बिष्णु प्रसादउपाध्याय | ६ | ०९८-११५८-०५ | १७ | १६१.३५ | अव्यबस्थितबसोबासी |
| २६ | श्री महमदजाकिर मुसलमान | ६ | ०९८-११५८-०५ | १७ | १६१.२० | अव्यबस्थितबसोबासी |
| २७ | श्री बालकृष्ण बोहरा | ६ | ०९८-११५८-०५ | १८ | ४६.७० | अव्यबस्थितबसोबासी |
| २८ | श्री माया देवी ठाडा | ६ | ०९८-११५८-०५ | १९ | ४७.७० | अव्यबस्थितबसोबासी |
| २९ | श्री सिताजोशी | ६ | ०९८-११५८-०५ | २० | ८२.६९ | अव्यबस्थितबसोबासी |
| ३० | श्री चुरामणि रेग्मी | ६ | ०९८-११५८-०५ | २० | ८२.६९ | अव्यबस्थितबसोबासी |
| ३१ | श्री दुर्गाबहादुर गुरुङ | ६ | ०९८-११५८-०५ | २१ | ३६.९५ | अव्यबस्थितबसोबासी |
| ३२ | श्री लक्ष्मि डुम्रे जैसी | ६ | ०९८-११५८-०५ | २२,२३ | ३३.८०२२.९५ | अव्यवस्थितबसोबासी |
| ३३ | श्री सरश्वती भण्डारी | ६ | ०९८-११५८-०५ | २४ | ३५.२० | अव्यवस्थितबसोबासी |
| ३४ | श्री राजु थापा मगर | ६ | ०९८-११५८-०५ | २६ | ५२.९० | अव्यबस्थितबसोबासी |
| ३५ | श्री विश्वनाथ खडगी | ६ | ०९८-११५८-०५ | १६ | २११.२० | अव्यबस्थितबसोबासी |
| ३६ | श्री रामलखनगुप्ता तेली | ६ | ०९८-११५८-०५ | २९ | ७२.३० | अव्यबस्थितबसोबासी |
| ३७ | श्री गुलसन नेशहा | ६ | ०९८-११५८-०५ | २८ | २५.६० | अव्यबस्थितबसोबासी |
| ३८ | श्री यसमीनबानु | ६ | ०९८-११५८-०५ | ३०,३१ | ४७.६०,२२७.९५ | अव्यबस्थितबसोबासी |
| ३९ | श्री गोविन्दबहादुर खडका | ६ | ०९८-११५८-०५ | ३३ | २८.८७ | अव्यबस्थितबसोबासी |
| ४० | श्री लालकुमारी श्रेष्ठ | ६ | ०९८-११५८-०५ | ३४,३५ | ४१.१६,२८.८५ | अव्यवस्थितबसोबासी |
| ४१ | श्री केदार खडगी | ६ | ०९८-११५८-०५ | १६ | २११.२० | अव्यबस्थितबसोबासी |
| ४२ | श्री शिवनाथ खडगी | ६ | ०९८-११५८-०५ | १६ | २११.२० | अव्यबस्थितबसोबासी |
| ४३ | श्री शोभा देवगुप्ता बनिया | ६ | ०९८-११५८-०५ | २५ | ४२ | अव्यबस्थितबसोबासी |
| ४४ | श्री प्रेम गौचन | ६ | ०९८-११५८-०५ | २७ | ४२.५० | अव्यबस्थितबसोबासी |
| ४५ | श्री तुल्सिराम पाण्डे | ६ | ०९८-११५८-०५ | २९,३० | ७२.२०,४७.६० | अव्यबस्थितबसोबासी |
| ४६ | श्री सौकतमिया | ६ | ०९८-११५८-०४ | ६ | १३४.७५ | अव्यबस्थितबसोबासी |
| ४७ | श्री राम देव प्रसाद तेली | ६ | ०९८-११५८-०४ | ७,८,९,१० | ९,११७.२५,३१.४ ९ | अव्यबस्थितबसोबासी |
| ४८ | श्री राजेन्द्रलालश्रेष्ठ | ६ | ०९८-११५८-०४ | १२ | ३८ | अव्यबस्थितबसोबासी |
| ४९ | श्री कृष्ण बहादुर थापा क्षेत्री | ६ | ०९८-११५८-०४ | १३ | ५५.६० | अव्यबस्थितबसोबासी |
| ५० | श्री उमा रोका | ६ | ०९८-११५८-०४ | १४ | ५५.६० | अव्यबस्थितबसोबासी |
| ५१ | श्री मेघ बहादुर कुवर | ६ | ०९८-११५८-०४ | १५ | ५५.६० | अव्यबस्थितबसोबासी |
| ५२ | श्री निर्मला देवी | ६ | ०९८-११५८-०४ | १६ | ४७.१० | अव्यबस्थितबसोबासी |
| ५३ | श्री छवि गुरुङ | ६ | ०९८-११५८-०४ | १७ | ४३.५५ | अव्यबस्थितबसोबासी |
| ५४ | श्री आशामाया गुरुङ | ६ | ०९८-११५८-०४ | १८ | ३२.१० | अव्यबस्थितबसोबासी |
| ५५ | श्री रुक बहादुर सारु | ६ | ०९८-११५८-०४ | १९ | ४३.१० | अव्यबस्थितबसोबासी |
| ५६ | श्री वजिर शाह | ६ | ०९८-११५८-०४ | २० | ४१.१० | अव्यबस्थितबसोबासी |
| ५७ | श्री बिजयशाही | ६ | ०९८-११५८-०४ | २१ | २८.१० | अव्यबस्थितबसोबासी |
| ५८ | श्री राजनअर्याल | ६ | ०९८-११५९-११ | ५२ | १९८ | अव्यबस्थितबसोबासी |

वडा नं. ७, ८ र १२

| सि.नं. | नाम | वडा नं. | सिट नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बिष्णु कुमारी के.सी. | ७ | ८छ | २०४ | ०-०-१० -कर्ण बहादुर बि.क.को नाममा फिल्ड बुक | अव्यवस्थित बसोवासी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | कायम) | |
| २ | शारदा देवी श्रेष्ठ | ७ | ८भ/०९८-११९९-०५ | सा.२७३ हाल ५३ | ०-०-८.७५ | अव्यवस्थित बसोवासी |
| ३ | रुनीसरा हुन्चिङ | ७ | ८भ | १९९ | ०-०-५.५० (मन बहादुर हुन्चिङको नाममा फिल्डबुक कायम) | अव्यवस्थित बसोवासी |
| ४ | लुम्बिनी सिटी अस्पताल तथा मेडिकल साईन्स प्रा.लि., बुटवल | ८ | ०९८-११९९ -०५ | बिटौरी ६५३, हाल २९ | ०-०-१५(लुम्बिनी मेडिकल कलेज एण्ड टिचिङ अस्पतालसंग खरिद गरेको । | अव्यवस्थित बसोवासी |
| ५ | कुमार थापा मगर | १२ | २ त | ४ | ०-२-१० मध्ये ०-१-७ | अव्यवस्थित बसोवासी |
| | | | | २८ | ०-३-१७ मध्ये ०-१-१५ | |
| | | | | २९ | ०-४-२ मध्ये ०-२-१२ | |
| ६ | सन्तोष थापा | १२ | २त | ४ | ०-२-१० मध्ये ०-१-३ | अव्यवस्थित बसोवासी |
| | | | | २८ | ०-३-१७ मध्ये ०-३-३ | |
| | | | | २९ | ०-४-२ मध्ये ०-१-१० | |

**प्रस्ताव नं.१४.१०**
**नागरिक वडापत्र प्रकाशन सम्बन्धमा ।**
**निर्णय नं.१४.१०**
बुटवल उपमहानगरपालिका र अन्तर्गतका वडा कार्यालयहरुबाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाह सम्बन्धी कामहरुको विवरण सहित वडा कार्यालयहरु तर्फ सि.नं.१ देखि ३४ सम्मको र कार्यालयतर्फ सि.नं. १ देखि २८ सम्मको विवरण सहितको नागरिक वडापत्र तयार भएको हुँदा वडा कार्यालयहरु तर्फ सि.नं.१ देखि सि.नं.२५ सम्म र नगरकार्यपालिकाको कार्यालय तर्फ सि.नं. १ देखि सि.न.१२ सम्मको विवरणलाई नगरसभाको निर्णय अनुसार देहाय बमोजिमको जातिगत बसोवास भएको हुँदा राष्ट्रिय भाषा सहित अन्य ३ (तीन) स्थानीय भाषामा समेत नागरिक वडापत्र प्रकाशित गर्ने निर्णय गरियो ।
नेपाली : ८९.४२%
थारु : ३.६१%
मगर : ३.१२%
नेवारी : १.२६%

**प्रस्ताव नं.१४.११**
**सडक वोर्ड नेपालमा स्वीकृतिका लागि छनौट गरी पठाइएका आयोजनाहरु अनुमोदन सम्बन्धमा ।**
**निर्णय नं.१४.११**
बुटवल उपमहानगरपालिकाको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक बजेट नीति तथा कार्यक्रम अन्तर्गत बुटवल उपमहानगरपालिका र **सडक वोर्ड नेपालको** संयुक्त लागत साझेदारीमा संचालन

हुने सडक पिच मर्मत कार्यका लागि सडक बोर्ड नेपालबाट रु.१,२५,००,०००।- स्वीकृति प्राप्त भएको र बुटवल उपमहानगरपालिकाको रु. ८२,४२,३८७ समेत गरी जम्मा रु. २,०७,४२,३८७ बाट विभिन्न वडाका सडकहरु जिर्ण अवस्थामा रहेकोले तोकिएको मापदण्डको परिधि भित्र रही नगरक्षेत्र भित्र तत्काल मर्मत संभार गर्न आवश्यक देखिएको हुंदा देहाय बमोजिमका स्थान तथा सडकहरु छनौट गरी ठेक्का बन्दोवस्त मार्फत कार्यान्वयन प्रकिया अगाडि बढाउन भनी मिति २०७९।१०।२९ मा भएको निर्णय अनुमोदन गरियो ।

| सि.नं. | योजनाको नाम | ठेगाना | वजेट रु.. |
|---|---|---|---|
| क | नगरक्षेत्र भित्रका सडक मर्मत संभार कार्य | | २,०७,४२,३८७ |
| १ | ओमशान्ती अगाडी सिमलको रुख देखि मिना मानन्धरको घरसम्म | वडा नं. ३ | |
| २ | दिलबहादुर खाम्चाको घरदेखि भवानी देवी प्रधानको घरसम्म | वडा नं.३ | |
| ३ | हिमाली पथ | वडा नं.४ | |
| ४ | चांदवारीका भित्री सडकहरु | वडा नं.६ | |
| ५ | लखनपथ सडक मर्मत | वडा नं.७ | |
| ६ | प्रभा पथ (त्रिभुवन गणेश टोल) | वडा नं.८ | |
| ७ | दुर्गा खुमा पथ | वडा नं.९ | |
| ८ | माझगाऊ- मदनपथ | वडा नं.११ | |
| ९ | विजय लक्ष्मी पथ | वडा नं.११ | |
| १० | दुर्गा पथ | वडा नं.११ | |
| ११ | भृकुटी पथ वडा कार्यालय देखि मुक्तिनाथ धाम गेटसम्म | वडा नं.१२ | |
| १२ | विशाल पथ वदेल पोखरी देखि मिलन टोल जवड सडक (३० फुटे) | वडा नं.१३ | |
| १३ | विनयकपुर गौडी भाटा सडक | वडा नं.१४ | |
| १४ | मैनापुर उजेलापुर सडक | वडा नं.१५ | |
| १५ | वुद्ध सर्किट देखि सौरहिया सडक (५ मी. चौडा) | वडा नं.१८ | |

**प्रस्ताव नं.१४.१२**
**आयोजनाहरुको सम्झौता गर्ने गरी थप भएको म्याद अनुमोदन सम्बन्धमा ।**
**निर्णय नं.१४.१२**
मिति २०७९।१०।१० मा बसेको नगर कार्यपालिकाको बैठकको निर्णय अनुसार चालु आ.व.२०७९/०८० का लागि नगरसभाबाट स्वीकृत योजना तथा कार्यक्रमहरुको सम्झौता गर्ने अन्तिम अवधि २०७९ माघ मसान्तसम्मका लागि थप गरी सोही अनुरुप कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने भनी निर्णय भएकोमा उपभोक्ताहरुबाट समयमा नै लागत सहभागिता जुटाउन नसकेको तथा योजना तथा कार्यक्रम स्वीकृत पछि हुन गएको अवस्था आएको जस्ता विविध कारणहरुले गर्दा योजनाहरुको सम्झौता गर्ने अवधि थप गर्नु पर्ने देखिएको र मिति २०७९।११।११ मा बसेको पूर्वाधार विकास समितिबाट समेत २०७९ चैत १५ गते सम्मका लागि योजनाहरुको सम्झौता गर्ने अवधि थप गरी सोही अनुरुप कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउन नगरकार्यपालिकालाई सिफारिस गर्ने भनी निर्णय भएकोले नगरकार्यपालिकाको बैठकबाट अनुमोदन गराउने गरी योजना तथा कार्यक्रमहरुको सम्झौता गर्ने अन्तिम अवधि २०७९ चैत्र १५ गतेसम्मका लागि थप गरी कार्यान्वयन गर्ने गरी भएको प्रमुखस्तरीय निर्णय अनुमोदन गरियो ।

**प्रस्ताव नं.१४.१३ विविध ।**
**प्रस्ताव नं.१४.१३.१**
**म्याद थप सम्बन्धमा ।**
**निर्णय नं.१४.१३.१**
बुटवल उपमहानगरपालिका वडा नं. १० स्थित अभियानपथको वाउण्ड्रीवाल निर्माण कार्य ठेक्का नं. ३९/०७७/०७८ को संघीय सरकार शसर्त अनुदानमा विनियोजित बजेट रकमबाट व्ययभार हुनेगरी बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय र शिवशक्ति -उमा एण्ड कम्पनी -कालिका जे.भी. काठमाडौं वीच मिति २०७८।०३।२५ गतेभित्र कार्य सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भई कार्यादेश दिईएकोमा तत्काल उक्त आयोजना स्थलमा साईट क्लियर हुन नसक्दा तोकिएको समयभित्र निर्माण कार्य हुन नसकि बजेट फ्रिज हुन गएको साथै सम्झौताको समयावधि पनि छोटो हुंदा कार्य हुन नसकेको । उक्त आयोजनाको कार्य तोकिएको समयमा सम्पन्न हुन नसकेको अवस्थामा बजेट व्यवस्थाको सुनिश्चितता भई आएमा कार्य अवधि थप गर्न बाधा पर्ने छैन भनी सम्झौताको बुंदा नं. ७ मा प्रावधान रहेको हुंदा हाल चालु आ.व. २०७९/०८० मा अधुरो आयोजना कार्यान्वयनका लागि रु. ३,२८,६२,४८३। नेपाल सरकार अर्थ मन्त्रालयबाट अधुरा आयोजनाको सिर्जित दायित्व भुक्तानी गर्ने प्रयोजनार्थ शसर्त अनुदानको वित्तीय हस्तान्तरित स्वीकृत भई बजेट प्राप्त हुन आएको र सम्बन्धित निर्माण व्यवसायीले सम्झौताको म्याद थप भएमा साविककै ठेक्का सम्झौता बमोजिम योजना कार्यान्वयन गर्न सहमत भएकोले बुटवल उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली,२०७७ को नियम १२९ को उपनियम ३ मा व्यवस्था भए बमोजिम उपनियम २ बमोजिम जांचबुझ गर्दा निवेदनमा उल्लेखित कारण मनासिब देखिएमा ६ महिना सम्मको अवधि बोलपत्र स्वीकृत गर्ने अधिकारी र सो भन्दा बढी अवधिको

कार्यपालिकाले गर्न सक्नेछ भन्ने व्यवस्था रहेकोले मिति २०८०।०३।१५ गतेसम्म सम्झौताको अवधि थप्र गरी निर्माण कार्यको निरन्तरता दिने भनी मिति २०७९।१२।०३ मा भएको प्रमुखस्तरीय निर्णय अनुमोदन गरियो।

**प्रस्ताव नं.१४.१३.२**
**बजेट विनियोजन सम्बन्धमा।**
**निर्णय नं.१४.१३.२**
एक वडा एक चौतारी शीर्षक अन्तर्गत विनियोजित रकम मध्येको रु.६ लाख बजेट वडा नं.५ मा रहेको चौतारी निर्माणका लागि विनियोजन गरी दिन भनी वडा कार्यालय वडा नं.५ को प.सं. ०७९/०८० च.नं.४६९ मिति २०७९।११।१२ को पत्रबाट अनुरोध भई आएको हुँदा चालु आ.व.०७९/०८० का लागि स्वीकृत बजेट पुस्तिकाको सि.नं.२३१ मा उल्लेख भएको एक वडा एक चौतारी ज्येष्ठ नागरिक संचालन तथा व्यवस्थापन शीर्षकबाट रु.६ लाख वडा नं.५ स्थित चौतारी निर्माण कार्यका लागि र रु.४ लाख वडा नं. ४ मा रहेको बुटवल लक्ष्मिपार्कका लागि विनियोजन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.१४.१३.३**
**निमन्त्रणा सम्बन्धमा।**
**निर्णय नं.१४.१३.३**
मिति २०७९।१२।२३ र २४ गते अर्थात April 6-7, 2023 मा भारतको नयाँ दिल्लीमा हुने Asian Cities Summit and Mayor Forum मा भाग लिने गरी सहभागिताका लागि यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूलाई निमन्त्रणा प्राप्त भएको हुँदा उल्लेखित कार्यक्रममा सहभागी हुने गरी प्रमुखज्यूलाई मनोनयन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.१४.१३.४**
**समर्थन गर्ने सम्बन्धमा।**
**निर्णय नं.१४.१३.४**
बुटवल उपमहानगरपालिका वडा नं.११ निवासी क्रिकेट खेलाडी श्री कुशल मल्ललाई सहयोग स्वरुप उपलब्ध गराइएको रु.५०,०००।- समर्थन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.१४.१३.५**
**संशोधन सम्बन्धमा।**
**निर्णय नं.१४.१३.५**
मिति २०७९।१०।१८ मा बसेको नगरकार्यपालिकाको १२ औं बैठकको सहयोग सम्बन्धी निर्णयको निर्णय नं.१२.४.६ सि.नं. ३ मा मृगौला तथा मुटु पीडित सरोकार समाज नेपाल, बुटवल-१०, रामनगर, लुम्बिनी प्रदेश हुनुपर्नेमा अन्यथा भएको हुँदा संशोधन गर्ने निर्णय गरियो।

प्रस्ताव नं.१४.१३.६
जितगढी उत्सव मनाउने सम्बन्धमा ।
निर्णय नं.१४.१३.६

(क)प्रत्येक बर्षको बैशाख ७ गते लाई यस बुटवल उपमहानगरपालिकाले जितगढी बिजय उत्सवको रुपमा मनाउदै आएको हुँदा उक्त मिति २०८०।१।७ गतेका दिनमा पनि बिगत बर्षहरुमा जस्तै बिबिध कार्यक्रमहरु गरी उत्सव मनाउने र सो कार्यक्रममा सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूलाई सादर निमन्त्रणा गर्ने निर्णय गरियो ।

(ख) उल्लेखित मितिमा सम्माननीय राष्ट्रपतिज्यूको समुपस्थितिमा हुने बिबिध कार्यक्रम सम्पन्न गर्नका लागि चालु भैपरी शीर्षकबाट रु.१५ लाख बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.१४.१३.७
अनुगमन सम्बन्धमा ।
निर्णय नं.१४.१३.७

यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट सम्पादन हुने काम कारवाहीहरुमा सहजिकरण गर्ने प्रयोजनका लागि कार्यपालिकाका सदस्यहरु बस्ने गरी व्यवस्था गरिएको कार्यकक्षमा सबै कार्यपालिकाका सदस्यहरु दैनिक रुपमा उपस्थित भई कार्यसम्पादनमा सहजिकरण गर्ने र सो को रिपोटिङ्ग नगर प्रमुखज्यूलाई गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

प्रस्ताव नं.१४.१३.८
परिपत्र जानकारी सम्बन्धमा ।
निर्णय नं.१४.१३.८

सङ्घीय सरकार तथा प्रदेश सरकारबाट राजश्व बाँडफाट वापत प्राप्त हुने राजश्वमा कमी आएको। सोको प्रभावले स्थानीय तहलाई प्राप्त हुने राजश्व बाँडफाँट शसर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदानमा समेत कटौती हुने गरी सङ्घीय तथा प्रदेश सरकारबाट आ.व.०७९/०८० को खर्च कटौती तथा बजेट रोक्का सम्बन्धी मापदण्ड कार्यान्वयनका लागि लेखि आएको र यस बुटवल उपमहानगरपालिकाको हालसम्मको आन्तरिक श्रोतको संकलनलाई समेत हेर्दा चालु आर्थिक बर्षमा ६०% मात्र असुली हुने देखिएको र स्थानीय तहको बजेट तथा कार्यान्वयमा समेत उल्लेखित विषयले प्रत्यक्ष प्रभाव र असर पर्ने भएकोले सङ्घीय तथा प्रदेश मन्त्रालयको खर्च कटौती मापदण्डलाई आधार मानी सोही बमोजिम कार्यक्रमहरुको खर्च कटौती तथा बजेट रोक्का गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.१४.१३.९
सहयोग सम्बन्धमा ।
निर्णय नं.१४.१३.९

देहायका व्यक्ति एंव संघ संस्थाहरु लाई देहायको प्रयोजनका लागि देहाय बमोजिमको सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स | व्यक्ति/संस्था | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | महिला हित समाज | तालिम कार्यक्रम | रु १ लाख |

| | | | |
|---|---|---|---|
| २ | क्षेत्री समाज नेपाल<br>केन्द्रीय परिषद(साधारण सभा) | केन्द्रिय परिषद<br>(साधारण सभा) | रु १ लाख |
| ३ | जमुना देबी राना,बुटवल | क्यान्सर पीडित उपचार सहयोग | रु ४० हजार |
| ४ | पबित्रा पोखरेल | क्यान्सर पीडित उपचार सहयोग | रु ४० हजार |
| ५ | लक्ष्मि बि.क. | उपचार सहयोग | रु १० हजार |
| ६ | सशस्त्र प्रहरी बल | | २ थान टायर खरिद गरी उपलब्ध गराउने |
| ७ | राष्ट्रिय लोक तथा दोहोरी प्रतिष्ठान नेपाल, लुम्बिनी प्रदेश, | बृहत रक्तदान तथा सांगितिक कार्यक्रम | रु १० हजार |

**प्रस्ताव नं.१४.१३.१०**
**मनोनयन सम्बन्धमा ।**
**निर्णय नं.१४.१३.१०**
आदिबासी जनजाति उत्थान नगर समन्वय समितिको सह संयोजक लैङ्गिक एवं मूल प्रवाहीकरण र पछाडि पारिएका व्यक्ति वर्ग समुदायको हित प्रर्बद्वन गर्ने सम्बन्धी कार्यबिधि, २०७५ को दफा ९ को (आ) मा ब्यवस्था भए बमोजिम नगरकार्यपालिकाले तोक्ने प्रावधान रहेको हुँदा उक्त समितिमा बुटवल-६ निवासी श्री ओमी पुनलाई सह संयोजकमा मनोनयन गर्ने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सवैलाई धन्यवाद दिंदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।